नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री हिरालाल रेग्मीज्युले गरेको फैसला

मुद्दा-:सार्वजनिक शान्ति बिरुद्धको कसूर।

मि.नं.-२६४ , दायर मिति-:२०८०-०७-२४

फैसला मिति-२०८०-०७-२४

वादी

प्र.स.नि.बिकी कुमार साह समेतको प्रतिवेदनले

नेपाल सरकार-----------------------------------१

प्रतिवादी

जिल्ला पर्सा सखुवाप्रसौनी गा.पा.वडा नं.१ वस्ने बर्ष ३३ को चन्द्रकिशोर चौधरी-------------------------------१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

**१.प्रतिवादीले विभिन्न अश्लिल शब्दहरु प्रयोग गर्दै गाली गलौज तथा कर्तव्य पालनमा बाधा पुर्याई अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन।**

**२. विभिन्न अश्लिल शब्दहरु प्रयोग गर्दै गाली गलौज तथा कर्तव्य पालनमा बाधा पुर्याई अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।**

**३. विभिन्न अश्लिल शब्दहरु प्रयोग गर्दै गाली गलौज तथा हातपातको प्रयास गरी अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका राजदेव राम समेतको घटनाविवरण कागज।**

**४. प्रतिवादीले यस कार्यालयमा गरेको साविती बयान।**

## ठहर-खण्ड

**यसमा मिति २०८०।७।१७ गते जिल्ला पर्सा पटेर्वासुगौली गा.पा.वडा नं.५ स्थित ड्युटीमा रहेका प्रहरी कर्मचारीलाई गाली गलौज गर्दै कर्तव्य पालनमा बाधा पुऱ्याएकोले प्रतिवादी चन्द्रकिशोर चौधरीलाई पक्राउ गरेको भन्ने घटनास्थल मुचुल्का तथा प्रहरी प्रतिवेदन बुझिएका व्यक्तिहरुले डिउटीमा रहेका प्रहरीको कर्तव्य पालनमा बाधा पुर्याउने प्रतिवादीलाई कानुन बमोजिम कारवाही हुनुपर्छ भनी लेखाई दिएको कागज ,अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी गरेको स्विकारोक्ति बयान तथा यस कार्यालयमा आई प्रतिवादीले गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(२) बमोजिम प्रतिवादी चन्द्रकिशोर चौधरी लाई जरिवाना रु२१०० ।- गर्ने। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।**

## तपसिल खण्ड

**१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ६६(२) बमोजीम प्रतिवादी चन्द्रकिशोर चौधरी लाई ठहरेको जरिवानाको हकमा निज प्रतिवादी मिति २०८०-०७-१७ गते देखि २०८०-०७-२३ सम्म ७ दिन थुनामा बसेको देखिँदा मुलुकी फौजदारी कार्यबिधी संहिता २०७४ को दफा ११५को उपदफा (३) बमोजिम प्रतिदिन रु ३००।-को दरले जम्मा रु २१००- मिनाहा गर्नु र निज प्रतिवादीलाई थुना मुक्त गर्न ईलाका प्रहरी कार्यालय ,पटेर्वासुगौली लाइ पत्र लेख्नु।--------------------------------------------------१**

**२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु---------------------------------------------------------------------------------------------------१**

**३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------१**

**४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु--------१**

हिरालाल रेग्मी

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल कार्तिक महिना २४ गते रोज ०६ शुभम् ……………………